बागमती प्रदेश सरकार
श्रम, रोजगार तथा यातायात मन्त्रालय
बागमती प्रदेश, हेटौंडा

# आर्थिक वर्ष २०८२।०८३ को स्वीकृत वार्षिक कार्यक्रमको कार्यान्वयन कार्यविधि, २०८२

बागमती प्रदेश सरकार, श्रम, रोजगार तथा यातायात मन्त्रालय
हेटौंडा, नेपाल

बागमती प्रदेश सरकार, श्रम, रोजगार तथा यातायात मन्त्रालय (माननीय मन्त्रीस्तर) बाट मिति २०८२/०६/१६ मा स्वीकृत

प्रदेश सचिव

माननीय जगराम थापा
मन्त्री

बागमती प्रदेश सरकार
श्रम, रोजगार तथा यातायात मन्त्रालय
हेटौंडा, नेपाल

## प्रस्तावना

बागमती प्रदेश सरकारको आर्थिक वर्ष २०८२।०८३ को स्वीकृत वार्षिक कार्यक्रम तथा बजेट अन्तर्गत श्रम, रोजगार तथा यातायात मन्त्रालय र मातहतका निकायहरुको स्वीकृत कार्यक्रम तथा बजेटलाई विधि र प्रक्रिया पुरा गर्दै सरल र पारदर्शी रुपले कार्यान्वयन गर्न वान्छनीय भएकोले प्रदेश विनियोजन ऐन २०८२ को दफा ११ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि तयार गरिएको छ।

प्रदेश सचिव

बागमती प्रदेश सरकार
श्रम, रोजगार तथा यातायात मन्त्रालय
हेटौंडा, नेपाल

प्रमाणित
माननीय जयराम थापा
मन्त्री


परिच्छेद-१ .......... १

प्रारम्भिक .......... १

१. संक्षिप्त नाम र प्रारम्भ : .......... १

२. परिभाषा: .......... १

परिच्छेद-२ .......... २

मार्गदर्शक सिद्दान्तहरु .......... २

परिच्छेद-३ .......... ४

उपभोक्ता समितिबाट संचालन गरिने कार्यक्रम .......... ४

४. उपभोक्ता समितिबाट संचालन गरिने कार्यक्रम: .......... ४

५. उपभोक्ता समितिको गठन: .......... ४

६. प्राविधिक सर्वेक्षण, लागत अनुमान र स्वीकृति: .......... ५

७. कार्यक्रम कार्यान्वयन: .......... ५

८. सन्चालित कार्यक्रमको भुक्तानी: .......... ६

परिच्छेद-४ .......... ८

परामर्श सेवाबाट संचालन गरिने कार्यक्रम .......... ८

९. सम्भाव्यता अध्ययन, गुरुयोजना तयारी, विस्तृत परियोजना प्रतिवेदन तयारी, वातावरणीय अध्ययन, सफ्टवेयर निर्माण तथा सञ्चालन .......... ८

१०. बेरुजु सम्बन्धी समिक्षा गोष्ठी .......... ८

परिच्छेद-५ .......... ९

बहुवर्षिय तथा क्रमागत योजना कार्यान्वयन .......... ९

११. स्वीकृत बहुवर्षिय खरिद योजना कार्यान्वयन: .......... ९

१२. क्रमागत योजना कार्यान्वयन: .......... ९

परिच्छेद-६ .......... १०

श्रम, रोजगार तथा यातायात सम्बन्धि कार्यक्रम कार्यान्वयन सम्बन्धी .......... १०

१३. ११.४.२२.११ अटोल्याण्ड तथा बसपार्क व्यवस्थापन .......... १०


प्रदेश सचिव

बागमती प्रदेश सरकार
श्रम, रोजगार तथा यातायात मन्त्रालय
हेटौंडा, नेपाल

जयराम थापा
माननीय जयराम थापा
मन्त्री


१४. विभिन्न सीप विकास तथा उद्यमशीलता सम्बन्धी तालिम कार्यक्रमहरु (२.६.४.५४/ २.६.४.५६/२.६.४.५७/२.६.४.५८/२.६.४.६२/२.६.४.६३/२.६.४.६६/२.६.४.६८/२.६.४.७०/ २.६.४.७१/२.६.४.७२/२.६.४.७३/२.६.४.७४/२.६.४.७५/२.६.४.७६/२.६.४.७७/२.६.४.७८/ २.६.४.७९/२.६.४.८१/२.६.४.८२/२.६.४.८३/२.६.४.८४/२.६.४.८६/२.६.४.८७/२.६.४.८९/ २.६.४.९०/२.६.४.९१/२.६.४.९२/२.६.४.९३/२.६.४.९४/२.६.४.९५/२.६.४.९५/२.६.४.९७ तथा २.७.३४.४२/ २.७.३४.४३..........१०

१५. ११.६.३.३ सवारी साधन सम्बन्धी अभिलेखहरुको डिजिटाईजेशन एण्ड आर्चिभिङ (कार्य सम्पादनको आधारमा मासिक प्रगति अनुसार)):..........११

१६. ११.३.१७.३ यातायात कार्यालय र ट्रायल सेन्टरहरुको प्रविधि जडान मार्फत निरन्तर अनुगमन प्रणाली स्थापना ..........११

१७. ११.४.२२.८ बागमती प्रदेश भित्र VFTC स्थापना कार्य ..........१२

१८. ११.३.८.३ / २.४.१.१० ट्राफिक प्रहरीहरुको लागि मोबाईल तथा अन्य उपकरण वितरण तथा सवारी चालक अनुमती पत्र(स्मार्टकार्ड) खरिद..........१३

१९. २.६.४.४३ स्थानीय तह र विश्विद्यालय समेतको सहकार्यमा स्थानीय श्रम, सीप र साधनको प्रवर्द्धन कार्यक्रम..........१४

२०. २.६.४.४८ पालिकास्तरमा बालश्रम उनमोलन कार्यक्ङ्ग संचालन ..........१४

२१. २.६.४.४९ जोखिमयुक्त कार्यमासंलग्न श्रमिकलाई आवश्यक सुरक्षा सामाग्री वितरण..........१४

२२. २.६.४.५१ अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकहरूका लागि योगदानमा आधारित सामाजिक सुरक्षाकोष संचालन..........१५

२३. २.६.४.५३ निक्षेप तथा कर्जा सुरक्षण कोषसँगको सहकार्यमा रोजगारमूलक कार्यक्रम संचालन..........१५

२४. २.६.४.५४ ठूला सवारी साधन चालक उत्पादन गरी रोजगारी सृजना तथा क्षमता अभिवृद्धि कार्यक्रम..........१६

२५. २.६.४.५५ सुरक्षित आप्रवासन र वैदेशिक रोजगारी विषयमा प्रदेश सुशासन केन्द्रसँगको समन्वयमा पालिका प्रतिनिधि र कमचारीहरुसँगको अन्तर्क्रिया कार्यक्रम..........१६

२६. २.७.३४.२८ /२.७.३४.२४ /२.७.८.६ सडक सुरक्षा तथा दुर्घटना न्यूनिकरण सम्बन्धी कार्यक्रमहरू..........१७


प्रदेश सचिव

सम्माननीय जयराम थापा
मन्त्री

बागमती प्रदेश सरकार
श्रम, रोजगार तथा यातायात मन्त्रालय
हेटौंडा, नेपाल


२७. ११.१.२.२ यातायात व्यवस्था कार्यालयहरुको भवन निर्माण..............................................१७

२८. २.७.३४.३ स्थानीय तहहरूसँग श्रम तथा रोजगार सम्बन्धमा अन्तर्क्रिया कार्यक्रम..................१७

२९. २.६.४.८० सिन्धुली जिल्ला सदरमुकाम बसपार्क व्यवस्थापन, क.नपा-६ सिन्धुली .........
.................................................. १८

३०. २.६.४.५७ स्थानीय निकाय रोजगार सेवा केन्द्रका कर्मचारीहरूको क्षमता अभिवृद्धि कार्यक्रम..........................................................................................................१८

३१. २.६.४.६४ नेउवामहासंघ बागमती प्रदेशसंगको सहकार्यमा श्रम कानुनका जटिलता र यसको सुधाको लागि प्रदेश सरकार श्रमिक र रोजगारदातासहितको २ दिने त्रिपक्षिय छलफल तथा अन्तरक्रिया गोष्ठी..........................................................................................................१८

३२. २.७.३४.२४ ईजाजत प्राप्त वर्कशपलाई प्रविधि हस्तान्तरण अनुदान..................................१९

३३. २.६.६.१२ मकवानपुर उद्योग वाणिज्य संघ र श्रम तथा रोजगार मन्त्रालयबीच अन्तर्क्रिया..........................................................................................................१९

३४. २.६.६.९/२.६.६.११ रोजगार मेला तथा बागमती प्रदेश स्तरिय महिला उद्यमीहरुको व्यवसाय प्रवर्द्धन तथा रोजगार मेला..........................................................................................२०

३५. २.६.६.९ प्रदेश श्रम सल्लाहकार परिषद्को व्यवस्थापन...............................................२०

३६. २.७.३४.२७ प्रदेश राजधानी तथा अन्य क्षेत्रमा सडक सुरक्षा सम्बन्धि उपकरण व्यवस्थापन..........................................................................................................२०

३७. २.७.३४.२९ सरकारी निकायबाट जफत भएका सवारी साधनहरुको अनुगमन तथा व्यवस्थापन..........................................................................................................२०

३८. २.७.३४.३१ यातायात व्यवस्थापन तथा नियमन सम्बन्धमा वर्कशप/ड्राइभिङ स्कूलसँग अन्तरक्रिया..........................................................................................................२०

३९. २.७.३४.३५ सिएन्जीबाट सञ्चालन हुनर् सवारी साधन र सिएनजी उत्पालन प्रोत्साहन कार्यक्रमको सम्भाव्यता अध्ययन..............................................................................................२१

४०. २.७.३४.३६ भैरहेको डिजिटाइजेशनलाई स्तरिकरण गर्ने................................................२१

४१. २.७.३४.३८ / २.७.३४.४०: चुनिखेल यात्रु प्रतिक्षालय स्थापना तथा स्तरोन्नति र सवारी लक्षित सार्वजनिक शौचालय निर्माण (काभ्रेपलाञ्चोक, भूम्लु—८, १०, १)....................................२१


प्रदेश सचिव

४२. २.८.१.२ / २.८.१.३ सवारी साधन प्रदूषण परीक्षण र सवारी संचालन (रुट इजाजत, इजाजतपत्र) सम्वन्धी अनुगमन........................................................................................................२२

४३. टेलिचलचित्र उत्पादन तथा प्रशारण........................................................................२२

प्रदेश सचिव

प्रमाणित
माननीय जयराम थापा
मन्त्री

बागमती प्रदेश सरकार
श्रम, रोजगार तथा यातायात मन्त्रालय
हेटौंडा, नेपाल

मानयीय जयराम थापा
मन्त्री

परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "कार्यक्रम" भन्नाले बागमती प्रदेश सरकार, श्रम, रोजगार तथा यातायात मन्त्रालय र मातंहतको निकायवाट हुने आ.व.२०८२/८३ मा कार्यान्वयन हुने गरी स्वीकृत वार्षिक कार्यक्रम/क्रियाकलाप तथा लागत साझेदारीमा कार्यालयले व्यहोर्ने पूर्वाधार सम्बन्धी कार्यक्रम समेतलाई सम्झनु पर्छ।

(ख) "कार्यालय" भन्नाले श्रम, रोजगार तथा यातायात मन्त्रालय अन्तर्गत स्थापना भएका कार्यालय वा निकाय सम्झनु पर्छ।

(ग) "कार्यालय प्रमुख" भन्नाले तोकिएको कार्यालयको प्रमुख कर्मचारीलाई सम्झनु पर्छ।

(घ) "कार्यविधि" भन्नाले आर्थिक वर्ष २०८२।०८३ को स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ लाई सम्झनु पर्छ।

(ङ) "प्राविधिक समिति" भन्नाले सम्भाव्यता अध्ययन, गुरुयोजना तयारी, डि.पी.आर. तथा अन्य अध्ययन लगायतका कार्यको परामर्शदाताले पेश गरेको प्रतिवेदन पुनरावलोकन गरी स्वीकृतिको लागि सिफारिस गर्न गठन गरिएको विशेषज्ञ इन्जिनियर लगायतको समितिलाई सम्झनु पर्छ।

(च) "समिति" भन्नाले प्रचलित कानूनले तोकेको समितिलाई सम्झनु पर्दछ ।

(छ) "सरोकारवाला" भन्नाले कार्यक्रम एवम् योजनासँग प्रत्यक्ष सम्वन्ध राख्ने व्यक्ति, संस्था वा समुहलाई सम्झनु पर्दछ ।

(ज) "मन्त्रालय" भन्नाले बागमती प्रदेश सरकार, श्रम, रोजगार तथा यातायात मन्त्रालयलाई सम्झनु पर्छ।

(झ) "स्थानीय तह" भन्नाले कार्यक्रम संचालन हुने स्थानको स्थानीय तह सम्झनु पर्छ।

(ञ) "सचिवालय" भन्नाले माननीय मन्त्रीज्यू तथा श्रीमान् सचिवज्यूको सचिवालय सम्झनुपर्दछ।

(ट) "सल्लाहकार" भन्नाले माननीय मन्त्रीज्यूको सल्लाहकार सम्झनुपर्दछ।

प्रदेश सचिव

मानमीय जयराम थापा
मन्त्री

परिच्छेद-२

## मार्गदर्शक सिद्धान्तहरु

३. निम्न विषयहरुलाई यस कार्यविधिको मार्गदर्शक सिद्धान्तको रुपमा राखिएको छ ।

- कार्यक्रम संचालन गर्दा मितव्ययी, पारदर्शि र जनसहभागीताको सिद्धान्तको आधारमा प्रभावकारी ढंगले लाभग्राही समुदायलाई अधिकतम फाईदा र रोजगारी श्रृजना हुने गरी संचालन गरिनेछ ।
- यस कार्यक्रम अन्तरगत सञ्चालन गरीने क्रियाकलापहरुको लागि आवश्यक जग्गा सम्बन्धित व्यक्ति, फर्म, संघसंस्था वा कम्पनीको नाममा रहेको हुनुपर्नेछ । अन्य सार्वजनिक तथा सरकारी जग्गा प्रयोग गर्ने हो भने प्रचलित ऐन, नियम तथा कानुनले तोकेको मापदण्ड पुरा गरी भोगाधिकार लिए पश्चात कार्यक्रम संचालन गरिनेछ । जग्गा व्यवस्थापनको जिम्मेवारी मन्त्रालय तथा अन्तरगतका कार्यालयको रहने छैन । तर जग्गा व्यवस्थापनका लागि मन्त्रालय तथा कार्यालयले आवश्यक समन्वय गर्नेछ ।
- प्रचलित ऐन नियमानुसार कार्यसम्पादनको आधारमा भूक्तानी हुनेछ ।
- संचालित क्रियाकलापहरुलाई थप प्रभावकारी बनाउन आवश्यक्ता अनुसार सम्बन्धित स्थानीय तहहरु तथा स्थानीय सरोकारवालाहरु संग पनि समन्वय र सहकार्य गरी कार्यक्रम संचालन गर्न सकिनेछ।
- स्वीकृत वार्षिक कार्यक्रममा तोकिए बमोजिमको परिमाण र विनियोजित बजेटको परिधि भित्र रहि कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ ।
- कामको प्रकृति र स्वीकृत बजेटको परिधीभित्र रही कार्यक्रम सञ्चालन गर्दा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली, २०६४, प्रदेश सार्वजनिक खरिद नियमावली २०७६, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६,आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७,प्रदेश भ्रमण खर्च नियमावली, २०७७, कार्यसञ्चालन निर्देशिका,२०७७, प्रदेश आर्थिक कार्यविधि ऐन,२०७४ र नियमावली,२०७६सहित प्रचलित कानुनले तोकेको परिधि भित्र रहि बजेट तथा कार्यक्रम कार्यान्वयन गरिनेछ ।
- कार्यक्रमहरुको लागि स्वीकृत बजेट खर्च गर्दा स्वीकृत नर्म्स ,सम्बन्धित जिल्ला वा स्थानीय तहको स्वीकृत दररेट, कार्यक्रम संचालन निर्देशिका, मार्गदर्शन र कार्यविधि लगायतको दस्तावेज अनुरुप लागत अनुमान तयार गर्नुपर्नेछ।
- कार्यक्रम सञ्चालन गर्दा स्थानीय समुदाय तथा आदिवासी जनजाती (Indigenous People) को सामाजिक, आर्थिक, सांस्कृतिक तथा वातावरणीय पक्षमा सकारात्मक प्रभाव पर्ने गरि एकीकृत रुपमा सञ्चालन गर्नुपर्नेछ ।
- यस कार्यविधिमा समावेश हुन नसकेका कार्यक्रमहरु कार्यान्वयन गर्दा प्रचलित कानून तथा तालुक निकायको निर्णय एवं परिपत्र बमोजिम सञ्चालन गरिनेछ।

प्रदेश सचिव

बागमती प्रदेश सरकार
श्रम, रोजगार तथा यातायात मन्त्रालय
हेटौंडा, नेपाल

माननीय जयराम थापा
मन्त्री

- कुनै सामुदायिक वन, धार्मिक वन, कवुलियती वन वा वन संरक्षण क्षेत्रको सिमानाभित्र कार्यक्रम संचालन हुने भए प्रचलित वन ऐन र नियमावली अनुसार सम्वन्धित वनको कार्ययोजनामा समावेश गरी कार्ययोजना स्विकृत भए पछि मात्र कार्य प्रारम्भ गरिनेछ।
- जिल्लास्थित कार्यालयहरुले मन्त्रालयको अनुमती/सहमतिमा स्थानीय तह तथा सरोकारवाला निकायसँगको समन्वयमा स्थानीयस्तरमा संचालित कृयाकलापको संयुक्त अनुगमन निरिक्षण गरी सो को प्रतिवेदन मन्त्रालयमा पेंश गर्नुपर्ने छ।
- संचालित कार्यक्रमहरुको मन्त्रालयको अनुमती लिएर सम्बन्धित स्थानिय तह तथा जिल्ला समन्वय समितिले समेत अनुगमन गर्न सक्नेछ ।
- सबै कार्यक्रम वा योजनाको कार्यान्वयन प्रगति प्रतिवेदन हरेक महिनाको ७ गते भित्र र त्रैमासिक प्रतिवेदन सो अवधि समाप्त भएको ७ दिन भित्र प्रत्येक कार्यालयले मन्त्रालयमा अनिवार्य पठाउनुपर्नेछ।
- विभिन्न गतिविधीहरु संचालन तथा कार्यान्वयन गर्न सहयोग गर्ने क्रममा प्राप्त हुने विभिन्न गुनासो तथा सरोकारहरु नियमानुसार व्यवस्थापन गर्नुपर्नेछ।

प्रदेश सचिव

मानीय जयराम थापा
मन्त्री

परिच्छेद-३

## उपभोक्ता समितिबाट संचालन गरिने कार्यक्रम

४. **उपभोक्ता समितिबाट संचालन गरिने कार्यक्रमः**

(१) प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम पूर्वाधार निर्माणको कार्य उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्न गराउन सकिनेछ ।

तर,

(२) देहाय बमोजिमको कार्यक्रमहरु उपभोक्ता समिति मार्फत संचालन गरिने छैनः

(क) प्राविधिक रुपमा जटिल कार्य भनि प्राविधिक प्रतिवेदन प्राप्त भएको,

(ख) हेभी उपकरणहरु प्रयोग गर्नुपर्ने भनी प्राविधिक प्रतिवेदन प्राप्त भएको कार्य,

(ग) पिलर, बीम तथा स्लाब ढलान/कास्टिङ्ग गर्नुपर्ने दुई तला भन्दा बढीको नयाँ ठुला भवन निर्माण कार्य,

तर,

पिलर, बीम तथा स्लाब ढलान गर्नुपर्ने भए पनि बजारबाट निर्माण सामाग्री खरीद गरि ज्यामी/कामदार/मजदुर तथा कालीगढहरुलाई डोरहाजीरमा काममा लगाई सम्पन्न गर्न सकिने सानातिना कामहरु जस्तैः प्रवेशद्वार, शौचालय, कम्पाउण्डवाल, सभाहल/भवन, फर्निसिङ, प्रिकाष्ट भवन, ट्रस भवन, प्रिफाव भवन, एक तला स्लाव ढलानमाथि पिलर खडा गरी फलामे ट्रसको संरचना; निर्मित भवनमा तलाहरु थप्ने, निर्मित भवनमा प्लाष्टर गर्ने, झ्यालढोकाको काम, रंगरोगन, इन्टरिएर डिजाईन सम्बन्धी काम, सौन्दर्यकरण जस्ता कामहरु उपभोक्ता समितिमार्फत गर्न सकिनेछ ।

(घ) कुनै योजनाको कार्यान्वयन गर्न उपभोक्ता समिति इच्छुक नदेखिएको एवं ठेक्का मार्फत कार्य गरिदिन भनी सिफारिस भै आएको काम,

(ङ) लाभग्राही समुदायले कम्तिमा १० प्रतिशत लागत सहभागिता व्यहोर्न नसक्ने,

(च) निर्माण कार्य सम्पन्न भए पश्चात उपभोक्ता समितिमा योजना हस्तान्तरण हुन नसक्ने,

(छ) निर्मित योजनाको संरक्षण तथा मर्मत संभार उपभोक्ता समितिबाट हुन नसक्ने ।

५. **उपभोक्ता समितिको गठनः** (१) सम्बन्धित स्थानीय तहको निर्वाचित जनप्रतिनिधिको अध्यक्षता, उपस्थिति वा रोहवरमा भएको भेलाबाट लाभग्राहीहरु मध्येबाट एक उपभोक्ता समिति गठन गर्नुपर्नेछ र समितिमा एक तिहाई महिलाको सहभागिता हुनुपर्नेछ ।



प्रदेश सचिव

(२) त्यसरी गठन भएको उपभोक्ता समितिमा अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तिमा एक जना महिला अनिवार्य हुनुपर्नेछ ।

(३) उपभोक्ता समितिको जिम्मेवारी निम्नानुसार हुनेछ ।

(क) उपभोक्ता समितिले कार्यक्रम सम्झौता, कार्यान्वयन, समन्वय, अनुगमन गरी सम्पन्न गर्ने लगायतका सम्पूर्ण जिम्मेवारी वहन गर्नु पर्नेछ ।

(ख) उपभोक्ता समितिले कार्यालयबाट खटाइएका प्राविधिक कर्मचारीले दिइएको नीतिगत, प्राविधिक तथा व्यवस्थापकीय सल्लाह बमोजिमको कार्य सञ्चालन गर्नु पर्नेछ ।

(ग) सम्पन्न भएका योजनाको संरक्षण, सदुपयोग, सम्वर्द्धन, मर्मत सम्भार गर्ने दायित्व उपभोक्ता समितिको हुनेछ ।

६. **प्राविधिक सर्वेक्षण, लागत अनुमान र स्वीकृतिः** (१) सम्बन्धित प्राविधिकले स्वीकृत वार्षिक कार्यक्रमको स्थलगत अवलोकन गरि फिल्ड सर्वेक्षणको प्रतिवेदन पेश गर्नु पर्नेछ ।सो प्रतिवेदनको आधारमा विस्तृत सर्भे गरि डिजाइन तथा लागत अनुमान तयार गरिनेछ ।

(२) त्यस्तो डिजाइन तथा लागत अनुमान तयार गर्दा सम्बन्धित स्थानीय तह तथा उपभोक्ता समूहको माग, सुझाव, र आवश्यकतालाई पनि आधार लिन सकिनेछ ।

(३) उपदफा (१) बमोजिम तयार भएको लागत अनुमानमा कार्यक्रमको नाम, कार्यक्रमको उद्देश्य, उपभोक्ता समितिको विवरण, अपेक्षित उपलब्धि स्पष्ट खुलेको हुनुपर्नेछ ।

(४) उपदफा (१) (२) र (३) बमोजिमका विवरणहरुको आधारमा आवश्यक प्रक्रिया अपनाई कार्यालय प्रमुखले स्वीकृत गर्नेछ ।

७. **कार्यक्रम कार्यान्वयनः** (१) कार्यक्रम सम्झौता गर्दा देहायको कागजातहरु पेश गर्नुपर्नेछ ।

(क) उपभोक्ता समिति गठन सम्बन्धि निर्णय,

(ख) सम्बन्धित पालिका वा वडाको सिफारिस वा सम्बन्धित क्षेत्रको प्रदेश सभा सदस्यको सिफारिस,

(ग) सम्बन्धित पालिका वा वडाको सिफारिस वा सम्बन्धित क्षेत्रको प्रदेश सभा सदस्यको सिफारिस,

(घ) आयोजनाका प्राविधिकले तयार पारेको डिजाईन, नक्सा सहितको लागत अनुमान,

(ङ) उपभोक्ता समितिले सम्झौता गरी पाउनको लागि दिएको निवेदन ।

(२) उपदफा (१) बमोजिम प्राप्त कागजातको जाँचबुझ गरि नियमसंगत देखिएमा सम्झौता गरिनेछ ।

(३) कार्यक्रमको सम्झौता गर्दा कामको परिमाण, लागत, समय सिमा, गुणस्तर लगायतका सूचकहरु समावेश गरिनेछ।



प्रदेश सचिव

बागमती प्रदेश सरकार
उद्योग, पर्यटन तथा यातायात मन्त्रालय
हेटौंडा, नेपाल

सदर्याप
माननीय जयराम थापा
मन्त्री

(४) कार्यादेश बमोजिम तोकिएको प्राविधिकले सम्झौता बमोजिमको कार्यक्रम कार्यान्वयन गर्न नियमित रुपमा प्राविधिक सरसल्लाह, समन्वय र निर्माण व्यवस्थापनमा सहजीकरण गर्नेछन्।

(५) सञ्चालित कार्यक्रमहरु, आयोजना, सम्बन्धित कार्यालय तथा मन्त्रालयबाट अनुगमन गरी सम्बन्धित उपभोक्ता समितिलाई पृष्ठपोषण उपलब्ध गराउन सक्नेछ ।

८. **सन्चालित कार्यक्रमको भुक्तानीः** (१) दफा ४ (२) बमोजिम संझौता भएको कार्यक्रम कार्यान्वयन गर्न अग्रीम पेश्की उपलव्ध गराईनेछैन।

तर,

(२) निर्माण सामाग्री खरीद वा संकलन गरी निर्माणस्थलमा ल्याईसकेको भए वा आंशिक कार्य सम्पन्न गरेको भए सम्बन्धित प्राविधिकको प्रतिवेदन र सिफारिसको आधारमा सोको वील भरपाई वा प्रमाण संलग्न राखी संझौता रकमको एक तिहाई रकम नवढ्ने गरी पेश्की उपलब्ध गराउन सकिनेछ ।

(३) संझौता बमोजिम सम्पन्न कामको नापजांच र मुल्यांकन गरी प्रत्येक योजनाको लागि वढीमा दुई किस्ता रकम भुक्तानी गर्न सकिनेछ ।

(४) सम्पन्न कामको किस्ता भुक्तानी गर्दा देहायको कागजातहरु संलग्न गर्नुपर्नेछ ।

(क) सम्वन्धित उपभोक्ता समितिको निर्णय सहितको निवेदन,

(ख) उपभोक्ता समितिको विल भरपाई र खर्च समर्थन गरेको निर्णय,

(ग) सम्पन्न कामको नापी किताव,

(घ) किस्ता भुक्तानी विल,

(ङ) सम्पन्न कामको फोटोहरु,

(च) खर्चका विल भरपाई र डोर हाजीरी फारामहरु,

(छ) सम्वन्धित प्राविधिकको अनुगमन प्रतिवेदन सहितको सिफारिस,

(ज) योजना तथा औद्योगिक पूर्वाधार विकास हेर्ने शाखाको सिफारिस ।

(५) सम्पन्न कामको अन्तिम किस्ता भुक्तानी गर्दा देहायको कागजातहरु संलग्न गर्नुपर्नेछ ।

(क) सम्वन्धित उपभोक्ता समितिको काम सम्पन्न भएको जानकारीको निर्णय सहितको माग निवेदन,

(ख) उपभोक्ता समितिको विल भरपाई र खर्च समर्थन गरेको निर्णय,

(ग) सामाजिक लेखापरिक्षण र खर्च सार्वजनिकिकरणको निर्णय,

(घ) अनुगमन समितिको प्रतिवेदन,

(ङ) सम्पन्न कामको नापी किताव,

(च) किस्ता भुक्तानी विल,

प्रदेश सचिव

बागमती प्रदेश सरकार
श्रम, रोजगार तथा यातायात मन्त्रालय
हेटौंडा, नेपाल

प्रमाणित

माननीय जयराम थापा
मन्त्री

(छ) कार्य सम्पन्न प्रतिवेदन,

(ज) सम्पन्न कामको फोटोहरु,

(झ) खर्चका विल भरपाई र डोरहाजीर फारामहरु,

(ञ) सम्बन्धित प्राविधिकको अनुगमन प्रतिवेदन सहितको सिफारिस,

(ट) योजना तथा औद्योगिक पूर्वाधार विकास हेर्ने शाखाको सिफारिस,

(ठ) योजना हस्तान्तरण गरेको प्रमाण ।

प्रदेश सचिव

बागमती प्रदेश सरकार
श्रम, रोजगार तथा यातायात मन्त्रालय
हेटौंडा, नेपाल

माननीय जयराम थापा

परिच्छेद-४

## परामर्श सेवाबाट संचालन गरिने कार्यक्रम

९. सम्भाव्यता अध्ययन, गुरुयोजना तयारी, विस्तृत परियोजना प्रतिवेदन तयारी, वातावरणीय अध्ययन, सफ्टवेयर निर्माण तथा सञ्चालन लगायतका परामर्श सेवाबाट संचालन गरिने कार्यक्रमहरु देहाय अनुसार सञ्चालन गरिनेछ। २.५.३.७ / २.५.३.८ ' **प्रादेशिक शहरी यातायात व्यवस्थापन योजना निर्माण तथा बागमती प्रदेशको रोजगारीको वर्तमान अवस्था र युवाको प्रवर्द्धनको अवसर विषयक अध्ययन**

(क) अध्ययन गरिने कृयाकलापका लागि विषय विज्ञ वा समितिको सहयोगमा मन्त्रालय, कर्मचारीले वा विशेषज्ञ ईन्जिनियर वा प्राविधिकले तयार पारेको कार्य क्षेत्रगत शर्त (Terms of Reference) र लागत अनुमान स्वीकृत गरिनेछ।

(ख) सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको प्रावधान अनुसार परामर्शदाता कम्पनी, फर्म तथा व्यक्तिको छनौट गरिनेछ।

(ग) छनौट भएका कम्पनी, फर्म तथा व्यक्तिहरुसंग स्वीकृत कार्यसूची बमोजिम कार्य गर्न सम्झौता गरि कार्यदिश दिईनेछ।

(घ) कार्यदिश बमोजिम परामर्शदाता कम्पनी, फर्म वा व्यक्तिले पेश गरेको प्रारम्भिक मस्यौदा र अन्तिम प्रतिवेदन प्रस्तुतीकरण गर्नु पर्नेछ । प्रस्तुतीकरणमा उपलब्ध गराईएका पृष्ठपोषणहरु समेतलाई समावेश गरी अन्तिम प्रतिवेदन पेश गर्नु पर्नेछ।

(ङ) परामर्शदाता कम्पनी, फर्म वा व्यक्तिले पेश गरेको अन्तिम प्रतिवेदन प्राविधिक समिति/समितिले पुनरावलोकन गर्नेछ। प्राविधिक समिति/समितिले संम्झौता र कार्यक्षेत्रगत शर्त पुरा गरे नगरेको एकिन गरी भुक्तानीको लागि सिफारिस सहित प्रतिवेदन पेश गर्नेछ।

१०. २.७.३४.१३ **बेरुजू सम्बन्धि समीक्षा गोष्ठीः** मन्त्रालय वा मातहतका निकाय, कार्यालयहरुमा विद्यमान तथा सम्भावित बेरुजूको न्यूनीकरण गर्नका लागि जिम्मेवार कर्मचारीहरुलाई अभिमुखीकरण गर्न अन्तर्क्रिया/छलफल कार्यक्रम सञ्चालन गर्न सकिनेछ । आवश्यकता अनुसार प्रदेशका अन्य निकाय, संघीय विभागका प्रमुख तथा प्रतिनिधिहरुलाई समेत आमन्त्रण गर्न सकिनेछ । यस शिर्षकको रकम स्वीकृत नर्म्स को परिधिभित्र रहि लागत अनुमान स्वीकृत गराई सो बमोजिम खर्च गर्न सकिने छ ।

प्रदेश सचिव

श्रम, रोजगार तथा यातायात मन्त्रालय
बागमती प्रदेश सरकार
हेटौंडा, नेपाल

प्रमाणित

माननीय जयराम थापा
मन्त्री

परिच्छेद-५

बहुवर्षिय तथा क्रमागत योजना कार्यान्वयन

११. **स्वीकृत बहुवर्षीय खरिद योजना कार्यान्वयनः** विगत आ.व. मा खरिद सम्झौता भई कार्यान्वयनमा रहेका बहुवर्षीय ठेक्काका योजनाहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४, प्रदेश सार्वजनिक खरिद नियमावली २०७६, र बागमती प्रदेश आयोजनाको बहुवर्षीय ठेक्कासम्बन्धी मापदण्ड, २०८० ले निर्दिष्ट गरे बमोजिम कार्यान्वयन गरिनेछ।

१२. **क्रमागत योजना कार्यान्वयनः** विगत आ.व. मा खरिद सम्झौता भई, म्याद थप गरी कार्यान्वयनमा रहेका क्रमागत योजनाहरु सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४, प्रदेश सार्वजनिक खरिद नियमावली २०७६, बागमती प्रदेश आयोजनाको बहुवर्षीय ठेक्कासम्बन्धी मापदण्ड, २०८० ले निर्दिष्ट गरे बमोजिम कार्यान्वयन गरिनेछ।

प्रदेश सचिव

माननीय जयराम थापा
मन्त्री

परिच्छेद-६

श्रम, रोजगार तथा यातायात सम्बन्धि कार्यक्रम कार्यान्वयन सम्बन्धी

१३. ११.४.२२.११ अटोल्याण्ड तथा बसपार्क व्यवस्थापनः

१. स्थान र आवश्यकता पहिचान

- बसपार्क तथा अटोल्याण्ड व्यपस्थापनका लागि आवश्यक स्थानको पहिचान प्रारम्भमै स्थानीय तह, संघसंस्था तथा सरोकारवाला निकायहरूसँगको समन्वयमा गरिने।

२. सम्भाव्यता अध्ययन

- स्थालगत अध्ययन गरी सेवा उपयुक्तता, प्रयोग सम्भाव्यता तथा लागत—लाभ विश्लेषण प्रतिवेदनको आधारमा गरिने।

३. साझेदारी व्यवस्था

- पालिका, यातायात व्यवसायी, निजी क्षेत्र वा संघसंस्थासँग सम्झौता गरि सहकार्य गर्न समेत सकिने।

४. सार्वजनिक खरिद प्रक्रिया

- निर्माण तथा सेवा कार्यहरू प्रचलित सार्वजनिक खरिद कानून अनुसार बोलपत्र वा प्रतिस्पर्धात्मक प्रक्रिया मार्फत कार्यान्वयन गरिने छ।

५. कार्यान्वयन र अनुगमन

- कार्यान्वयन चरणमा नियमित प्रगति अनुगमन गर्नुपर्नेछ। प्राविधिक टोली र साझेदार निकायहरूवाट संयुक्त अनुगमन हुनुपर्नेछ।

६. सञ्चालन तथा हस्तान्तरण मोडेल

- निर्माणपछि सञ्चालन मोडेल मन्त्रालयले निर्धारण गर्नेछ।

१४. विभिन्न सीप विकास तथा उद्यमशीलता सम्बन्धी तालिम कार्यक्रमहरु (२.६.४.५४/ २.६.४.५६/२.६.४.५७/२.६.४.५८/२.६.४.६२/२.६.४.६६/२.६.४.६८/२.६.४.७०/२.६.४.७१/ २.६.४.७२/२.६.४.७३/२.६.४.७४/२.६.४.७५/२.६.४.७६/२.६.४.७७/२.६.४.७८/२.६.४.७९/ २.६.४.८१/२.६.४.८२/२.६.४.८३/२.६.४.८४/२.६.४.८६/२.६.४.८७/२.६.४.८९/२.६.४.९०/ २.६.४.९१/२.६.४.९२/२.६.४.९३/२.६.४.९४/२.६.४.९५/२.६.४.९५/२.६.४.९७ तथा २.७.३४.४२/ २.७.३४.४३ /२.६.४.६३

प्रदेश सचिव

उल्लेखित स्थान र क्षेत्र तोकिएका तालिमका कार्यक्रमहरु तालिम सञ्चालन सम्बन्धी मापदण्ड, २०८२ बमोजिम सम्पादन गर्नुपर्नेछ। तथापी, २.६.४.५८/२.६.४.६२/२.६.४.६३/२.६.४.६७ लगायतका स्थान र क्षेत्र नतोकिएका तालिमका कार्यक्रमहरुको हकमा भने प्रदेशभित्रका स्थानीय तहको मागको आधारमा मन्त्रालयको निर्णय अनुरुप प्रचलित सार्वजनिक खरिद कानून र तालिम मापदण्ड, २०८२ बमोजिम कार्यान्वयन गर्नुपर्नेछ ।

**१५. ११.६.३.३ सवारी साधन सम्बन्धी अभिलेखहरुको डिजिटाइजेशन तथा अभिलेखीकरणः**

श्रम, रोजगार तथा यातायात मन्त्रालय अन्तर्गत रहेका यातायात व्यवस्था कार्यालयको कार्यक्षमता अभिवृद्धि गरी सवारी साधन अभिलेखको डिजिटाइजेशन तथा अभिलेखीकरण कार्यलाई दिगो, व्यवस्थित र प्रभावकारी बनाउन कार्यक्रम सञ्चालन गरिनेछ।

यस सम्बन्धी सम्पूर्ण कार्य **"सवारी साधनको विद्युतीय अभिलेख प्रणाली व्यवस्थापन कार्यविधि, २०८२"** बमोजिम कार्यान्वयन हुनेछ। सोही अनुसार, मन्त्रालयबाट आवश्यक जनसक्ति (हाल कायम रहेका **डाटा ईन्ट्रिकर्ता** र **सहायक डाटा ईन्ट्रिकर्ता**) लाई मन्त्रालयबाट अर्को व्यवस्था नभएसम्मको लागि कार्य सम्पादनमा संलग्न गराई अभिलेख डिजिटाइजेशन गर्ने कार्यक्रम कार्यान्वयन गर्ने प्रक्रियालाई निरन्तरता दिईनेछ।

कार्यक्रममा संलग्न जनशक्तिको पारिश्रमिक, कार्यालय सञ्चालन तथा व्यवस्थापन सम्बन्धी खर्चको व्यवस्था चालु आर्थिक वर्षको २०८२/८३ मा यस मन्त्रालयको लागि स्विकृत सम्बन्धीत कार्यक्रम नतथा बजेटबाट गरिनेछ। कार्यक्रम सञ्चालन तथा खर्च लेख्ने सम्बन्धी व्यवस्था **"सवारी साधनको विद्युतीय अभिलेख प्रणाली व्यवस्थापन कार्यविधि, २०८२"** बमोजिम हुनेछ।

**१६. ११.३.१७.३ यातायात कार्यालय र ट्रायल सेन्टरहरुको प्रविधि जडान मार्फत निरन्तर अनुगमन प्रणाली स्थापना**

१. स्थान र आवश्यकता पहिचान

- प्रदेशभरका यातायात कार्यालयहरुका दैनिक कार्य गतिविधिहरु, जाँचपास तथा प्रदुषण सम्बन्धी कार्यहरु, ट्रायल सेन्टर तथा यातायात सम्बन्धी कार्य हुने सेवा केन्द्रहरूको अनुगमन प्रणाली स्थापना गरी प्रविधि मार्फत निरिक्षण गर्ने।
- प्राविधिक संरचना (Hardware, Internet, CCTV, Server Access आदि) को अवस्थाको प्रारम्भिक मूल्याङ्कन गरिने।

२. प्रविधि आधारित अनुगमन प्रणालीको रूपरेखा तयार गर्ने



प्रदेश सचिव

बागमती प्रदेश सरकार
श्रम, रोजगार तथा यातायात मन्त्रालय
हेटौंडा, नेपाल

अपमानता
माननीय जयराम थापा
मन्त्री

- डिजिटल अनुगमन प्रणालीको Design Framework तयार गरिने (MIS Dashboard, Real-Time CCTV Integration, RFID/IoT sensor possibilities,आदि)।
- Labor Inspection, Trial Test Monitoring, Vehicle Flow, Attendance Tracking, Public Feedback System जस्ता घटकहरू समावेश गरिने।

३. उपकरण तथा प्रणाली स्थापना प्रक्रिया

- आवश्यक हार्डवेयर/सफ्टवेयरको प्राविधिक विशिष्टता (Technical Specifications) तयार गरिने।
- सार्वजनिक खरिद ऐन अनुसार उपकरण/सेवाप्रदायक छनौट गरी स्थापना कार्य सुरु गरिने।
- वागमती Electronic Driving Liscense- EDL र E bluebook लागू गर्ने।

४. जडान र डेटा एकीकरण

- सबै सेवा बिन्दुलाई **प्रदेशस्तरीय Data Center** वा **Cloud Server** सँग जडान गरिने।
- प्रणालीले रियल-टाइम डेटा संकलन, सुरक्षित भण्डारणको सुविधा उपलब्ध गराउने।

५. मानव स्रोत तालिम र परिचालन

- कर्मचारी र अनुगमनकर्ताहरूलाई प्रविधि प्रयोगसम्बन्धी तालिम प्रदान गरिने।
- MIS प्रणालीको प्रयोगद्वारा मासिक/त्रैमासिक अनुगमन रिपोर्ट अनिवार्य बनाइने।

६. अनुगमन, मूल्याङ्कन र सुधार व्यवस्था

- अनलाइन/फिजिकल संयोजनमा नियमित अनुगमन गरिने।
- प्रणालीको कार्यसम्पादन मूल्याङ्कन गरी आवश्यकता अनुसार प्रविधि तथा प्रक्रियागत सुधार गरिने।

७. पारदर्शिता, सूचना प्रवाह र नागरिक सहभागिता

- अनुगमन प्रणालीवाट संकलित सूचना नियमित रूपमा वेबसाइट, सार्वजनिक बोर्ड तथा सम्बन्धित निकायहरूमा साझा गरिने।
- यायातयत सम्वन्धी गुनासो व्यवस्थापन प्रणाली MIS मा समावेश गरिने (e-Complaint, Tracking, Resolution Mechanism)।

१७. ११.४.२२.८ बागमती प्रदेश भित्र **VFTC** स्थापना कार्य

१. कार्यको उद्देश्य

प्रदेश सचिव

बागमती प्रदेश सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
हेटौंडा, नेपाल

माननीय जयराम थापा
मन्त्री

सडक सुरक्षामा अभिवृद्धि, वातावरण प्रदूषण नियन्त्रण तथा सवारी साधनहरूको नियमित प्राविधिक जाँच सुनिश्चित गर्न बागमती प्रदेश भित्र स्वचालित सवारी परीक्षण केन्द्र (Vehicle Fitness Testing Center – VFTC) स्थापना गरिनेछ।

२. स्थान छनौटका आधारहरू

- सवारी चापः दैनिक परीक्षण आवश्यक सवारीको संख्याको आधारमा प्राथमिकता निर्धारण गरिनेछ।
- भौगोलिक पहुँचः प्रदेशका प्रमुख प्रवेश/निष्कासन नाकाहरू, प्रमुख राजमार्ग नजिकका स्थानहरू चयन गरिनेछ।
- सेवाग्राहीको पहुँचः सबै वर्ग र भूगोलका सेवाग्राहीलाई सहज पहुँच हुने स्थानहरू छनौट गरिनेछ।
- संभावित राजस्व संकलनः केन्द्र स्थापनाबाट सरकारलाई दीर्घकालीन रुपमा सवारी जाँच दस्तुरबाट राजस्व संकलन सम्भावना भएको क्षेत्र प्राथमिक मानिनेछ।

३. प्राविधिक पक्ष

- स्वचालित परीक्षण प्रणालीः VFTC मा Brake Test, Headlight Test, Suspension Test, Side Slip Test, Emission Test (धुवाँ परीक्षण) लगायतका सबै प्रक्रिया आधुनिक डिजिटल उपकरणद्वारा गरिनेछ।
- ICT प्रयोगः
  - सेवाग्राहीलाई मोबाइल एप तथा वेबपोर्टलमार्फत समय अग्रिम बुकिङ, रिपोर्ट प्राप्ति र भुक्तानी प्रणाली उपलब्ध हुनेछ।
  - प्रत्येक सवारीको परीक्षण रिपोर्ट डिजिटल प्रणालीमा संग्रह गरिनेछ र प्रदेश स्तरबाट निगरानी गर्न सकिनेछ।
- विदेशी प्रविधिको अनुकरणः राष्ट्रिय मान्यता प्राप्त मापदण्डअनुसार उपकरण र परीक्षण विधि अपनाइनेछ।

१८. ११.३.८.३ / २.४.१.१० ट्राफिक प्रहरीहरुको लागि मोबाईल तथा अन्य उपकरण वितरण तथा सवारी चालक अनुमती पत्र (स्मार्टकार्ड) खरिद

१. कार्यको उद्देश्य

- सवारी चालक अनुमती पत्रको छपाई कार्यलाई प्रभावकारी, समयमै सेव प्रवाह सुनिश्चित गर्न सङ्घीय सरकारसँग समन्वय गरी स्विकृति प्राप्त भएपछि स्मार्टकार्ड खरिद प्रक्रिया अगाडी बढाईने छ।
- साथै, प्रदेश कार्यरत ट्राफिक प्रहरीलाई डिजिटल प्रविधियुक्त उपकरण उपलब्ध गराई ट्राफिक व्यवस्थापन, निगरानी तथा कारवाही प्रक्रियालाई प्रविधि मैत्री बनाइनेछ।

२. सार्वजनिक खरिद प्रक्रिया

- यो कार्यका लागि आवश्यक उपकरण, सामग्री तथा सेवा खरिद सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम गरिनेछ।

प्रदेश सचिव

स्वीकृत
माननीय जयराम थापा
मन्त्री

- खरिद प्रक्रिया खुला प्रतिस्पर्धात्मक बोलपत्र विधि (National Competitive Bidding – NCB) बाट सञ्चालन गरिनेछ।
- सम्पूर्ण खरिद प्रक्रिया सार्वजनिक खरिद अनलाइन प्रणाली (e-GP) मार्फत हुनेछ ' www.bolpatra.gov.np/egp ।

३. खरिद योजना

- खरिद कार्य दुई अलग प्याकेजमा (स्मार्टकार्ड खरिद र ट्राफिक प्रहरी उपकरण) गरिनेछ।
- प्रतिस्पर्धात्मक मूल्याङ्कनमा प्राविधिक क्षमता र दक्षता तथा डेलिभरी समय प्राथमिक मानिनेछ।
- आपूर्तिकर्तासँग सेवा ग्यारेन्टी तथा मर्मत सेवा सम्झौता (AMC) व्यवस्था गरिनेछ।
- उपकरण र सफ्टवेयरको दीर्घकालीन सञ्चालन सुनिश्चित गर्न तालिम र प्रयोग दक्षता अभिवृद्धि कार्य समेत समावेश गरिनेछ।

**१९. २.६.४.४३ स्थानीय तह र विश्विद्यालय समेतको सहकार्यमा स्थानीय श्रम, सीप र साधनको प्रवर्द्धन कार्यक्रम**

श्रम, रोजगार तथा यातायात मन्त्रालयका महाशाखा प्रमुखको संयोजकत्वमा ५ सदस्यीय समिति गठन गरिनेछ। उक्त समितिले निम्न कार्य गर्नेछः

- साझेदारीका लागि आवश्यक मापदण्ड तयार गर्ने।
- सूचना आव्हानका मापदण्ड निर्धारण गरी प्रस्ताव संकलन गर्ने।
- प्राप्त प्रस्तावहरूको मूल्यांकन गरी उपयुक्त साझेदार चयन गर्ने।
- छनोट प्रक्रियाको निगरानी र समन्वय गर्ने।
- छनोट पश्चात सम्झौता तथा साझेदारी अवधारणालाई कार्यान्वयनमा लैजाने।

मन्त्रालयले समितिको सिफारिस अनुसार साझेदारी मापदण्ड निर्धारण गरी सूचना आव्हान गरी कार्यक्रम सञ्चालन गर्नेछ।

**२०. २.६.४.४८ पालिकास्तरमा बालश्रम उन्मुलन सम्बन्धी कार्यक्रम संचालन**

मन्त्रालयले बालश्रम उन्मूलनका लागि नीति अनुरुप रणनीति र मापदण्ड बनाई, स्थानीय तहको मागको आधारमा साझेदारी कार्यक्रमह तय गर्नेछ र आवश्यक्ता अनुसार तालिम र पुनर्स्थापना कार्यक्रम सञ्चालन गर्ने तथा अनुगमन र प्रतिवेदन दिने कार्यहरू गर्नेछ। ।

**२१. २.६.४.४९ जोखिमयुक्त कार्यमा संलग्न श्रमिकलाई आवश्यक सुरक्षा सामग्री वितरण**

१. उद्देश्यः

- जोखिमयुक्त क्षेत्रमा कार्यरत श्रमिकको सुरक्षा सुनिश्चित गर्न आवश्यक सुरक्षा सामग्री प्रदान गरी दुर्घटना र स्वास्थ्य जोखिम न्यून गर्नु।



प्रदेश सचिव

बागमती प्रदेश सरकार
श्रम, रोजगार तथा यातायात मन्त्रालय
हेटौंडा, नेपाल

माननीय जयराम थापा
मन्त्री

२. कार्यान्वयनः

- जोखिमयुक्त क्षेत्रको पहिचान गरी लक्षितक श्रमिकको सूची तयार गरिनेछ।
- उपयुक्त सुरक्षा सामग्री (जस्तैः हेल्मेट, सुरक्षात्मक जुत्ता, दस्ताना, मास्क आदि) खरिद र वितरण गरिनेछ।
- प्रचलित खरिद कानून अनुरुप सामग्री आपूर्ति गरिनेछ।
- स्थानीय तहको प्रास प्रस्ताव तथा श्रम कार्यालयसँग समन्वय गरी वितरण कार्यक्रम संचालन गरिनेछ।
- सुरक्षा सम्वन्धी सचेतना कार्यक्रम समेत सञ्चालन गरिनेछ।

३. अनुगमनः

- वितरण पछि सामग्रीको उपयोग र प्रभावकारिता अनुगमन गरिनेछ।
- आवश्यक परे पुनः सामग्री वितरण तथा सुधार कार्यक्रम संचालन गरिनेछ।

## २२. २.६.४.५१ अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकहरूका लागि योगदानमा आधारित सामाजिक सुरक्षाकोष संचालन

१. उद्देश्यः

- अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकहरूको सामाजिक सुरक्षा सुनिश्चित गर्न योगदानमा आधारित कोष सञ्चालन गरी उनीहरूको जीवनस्तर सुधार गर्नु।

२. कार्यान्वयनः

- निशचित कार्यविधी/मापदण्ड तयार गरी लक्षित श्रमिकको पहिचान र दर्ता गरिनेछ।
- श्रमिक र नियोक्ता दुवैवाट नियमित योगदान सङ्कलन गरिनेछ।
- कोष मार्फत स्वास्थ्य सेवा, दुर्घटना बीमा, अवकाश भत्ता लगायतको सुविधा उपलब्ध गराउनु पर्नेछ।
- स्थानीय तह र श्रम कार्यालयसँग समन्वय गरी कोष सञ्चालन गरिनेछ।
- सचेतना कार्यक्रम मार्फत सदस्यता वढाउने र कोषको महत्व प्रचार गरिनेछ ।

३. अनुगमन र प्रतिवेदनः

- कोषको संकलन, वितरण र प्रयोगको नियमित अनुगमन गरिनेछ।
- त्रैमासिक र वार्षिक प्रतिवेदन तयार गरी मन्त्रालयमा पेश गर्ने।

उल्लेखित कार्यक्रम प्रचलित सार्वजनिक खरिद कानूनको परिधिभित्र रही कार्यान्वयन गर्नुपर्नेछ ।

## २३. २.६.४.५३ निक्षेप तथा कर्जा सुरक्षण कोषसँगको सहकार्यमा रोजगारमूलक कार्यक्रम संचालन

१. उद्देश्यः

- निक्षेप तथा कर्जा सुरक्षण कोषसँग सहकार्य गरी रोजगारी सिर्जना गर्ने रोजगारमूलक कार्यक्रम सञ्चालन गर्नु।

२. कार्यान्वयनः

प्रदेश सचिव

अनुसूची-२५
माननीय जयराम थापा
मन्त्री

बागमती प्रदेश सरकार
श्रम, रोजगार तथा यातायात मन्त्रालय
हेटौंडा, नेपाल

- कोषसँग समन्वय गरी रोजगारमुखी योजना तथा परियोजना तयार गर्ने।
- प्रशिक्षण, सीप विकास र उद्यमशीलता प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्ने।
- लक्षित वर्गलाई निश्चित मापदण्ड अपनाई कर्जा/ प्रविधि उपलब्ध गराउने व्यवस्था मिलाउने।

३. अनुगमनः

- कार्यक्रमको प्रगति र प्रभावकारिता नियमित अनुगमन गर्ने।
- प्रतिवेदन तयार गरी मन्त्रालयमा बुझाउने।

२४. २.६.४.५४ ठूला सवारी साधन चालक उत्पादन गरी रोजगारी सृजना तथा क्षमता अभिवृद्धि कार्यक्रम

१. उद्देश्यः

- ठूला सवारी साधनका योग्य चालक उत्पादन गरी रोजगार अवसर सिर्जना र श्रमशक्तिको क्षमता अभिवृद्धि गर्नु।

२. कार्यान्वयनः

- आवश्यक प्रशिक्षण पाठ्यक्रम र तालिम सामग्री विकास गरिनेछ।
- योग्य प्रशिक्षकहरूको व्यवस्था गरी तालिम सञ्चालन गरिनेछ ।
- स्थानीय तह र सम्बन्धित संस्थासँग समन्वय गरी प्रशिक्षार्थीको छनौट गरिनेछ।
- तालिम सम्पन्न गरिएका व्यक्तिलाई प्रमाणपत्र प्रदान गरिनेछ।

३. अनुगमन र मूल्याङ्कनः

- तालिमको गुणस्तर र प्रभावकारिता अनुगमन गरिनेछ।

२५. २.६.४.५५ सुरक्षित आप्रवासन र वैदेशिक रोजगारी विषयमा प्रदेश सुशासन केन्द्रसँगको समन्वयमा पालिका प्रतिनिधि र कमचारीहरुसँगको अन्तर्क्रिया कार्यक्रम

१. उद्देश्यः

- सुरक्षित आप्रवासन र वैदेशिक रोजगारीसम्बन्धी जानकारी र समझदारी बढाउन पालिका प्रतिनिधि र कर्मचारीहरूलाई सशक्त बनाउनु।

२. कार्यान्वयनः

- प्रदेश सुशासन केन्द्रसँग समन्वय गरी कार्यक्रम योजना बनाईनेछ।
- पालिका प्रतिनिधि र कर्मचारीहरूसँग प्रशिक्षण तथा अन्तर्क्रिया सत्र आयोजना गरिनेछ।



प्रदेश सचिव

बागमती प्रदेश सरकार
श्रम, रोजगार तथा यातायात मन्त्रालय
हेटौंडा, नेपाल

माननीय जयराम थापा
मन्त्री

- वैदेशिक रोजगारका जोखिम, कानुनी अधिकार र सुरक्षा उपायबारे जानकारी दिईनेछ।
- सहभागीहरूको प्रश्नोत्तर तथा अनुभव साझा गर्ने अवसर प्रदान गर्नेछ।
- कार्यक्रम प्रचलित सार्वजनिक खरिद कानून तथा सार्वजनिक खर्चको मापदण्डको परिधीभित्र रही कार्यान्वयन गर्नुपर्नेछ ।

३. अनुगमन र प्रतिवेदनः

- कार्यक्रमको सहभागी संख्या, प्रभाव र सुझाव संकलन गरिनेछ।
- प्रभावकारी कार्यक्रमका लागि आवश्यक सुधार प्रस्ताव गरिनेछ।

२६. सडक सुरक्षा तथा दुर्घटना न्यूनिकरण सम्बन्धी कार्यक्रमहरू

श्रम, रोजगार तथा यातायात मन्त्रालयले सडक सुरक्षा र दुर्घटना न्यूनिकरणका लागि तीन मुख्य कार्यक्रम सञ्चालन गरिनेछ।

**१. सडक सुरक्षा, दुर्घटना न्यूनिकरण सचेतना सम्बन्धी कार्यक्रम तथा विद्यालयमा ट्राफिक सचेतना, दुर्घटना न्यूनिकरण, श्रम रोजगार तथा यातायात सम्बन्धि कार्यक्रम (२.७.३४.२८ / २.७.३४.२४):**
विद्यालय, स्थानीय तह, निजी क्षेत्र र सामुदायिक संस्थाहरूसँग सहकार्य गरी यातायात नियम र सुरक्षित यात्रा सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

**२. सवारी चालक र सहचालकका लागि व्यवसायजन्य स्वास्थ्य र सुरक्षा सम्बन्धि अभिमुखिकरण कार्यक्रम (२.७.८.६):**
सवारी चालक र सहचालकलाई कार्यस्थलमा स्वास्थ्य सुरक्षा, जोखिम व्यवस्थापन र सुरक्षात्मक उपकरण प्रयोगबारे एक दिने अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ।
यी कार्यक्रमहरू सञ्चालन गर्दा प्रदेश सरकारको सार्वजनिक खर्च व्यवस्थापनका मापदण्डहरू पालना गरिनेछ। बजेट योजना, खर्च स्वीकृति, भुक्तानी प्रक्रिया र अनुगमन सम्बन्धी सबै गतिविधिहरू प्रदेशको सार्वजनिक खर्च मापदण्ड अनुसार सञ्चालन गरिने सुनिश्चित गरिनेछ।

२७. ११.१.२.२ यातायात व्यवस्था कार्यालयहरुको भवन निर्माण

- उक्त कार्य प्रचलित खरिद कानून बमोजिम कार्यान्वयन गरिनेछ ।

२८. २.७.३४.३ स्थानीय तहहरूसँग श्रम तथा रोजगार सम्बन्धमा अन्तर्क्रिया कार्यक्रम

१. उद्देश्यः

प्रदेश सचिव

- स्थानीय तहका प्रतिनिधि र कर्मचारीहरूसँग श्रम तथा रोजगारसम्बन्धी नीति, कार्यक्रम र समसामयिक विषयमा जानकारी आदानप्रदान गर्नु।
- स्थानीय तहमा श्रम रोजगार कार्यक्रमको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न सहकार्य र समन्वय बढाउनु।

२. कार्यान्वयनः

- नियमित अन्तरक्रिया कार्यक्रम आयोजना गरी स्थानीय तहसँग संवाद र छलफल गरिनेछ।
- नीति, योजना तथा निर्देशिकाहरूको अवगत गराउने र स्थानीय तहका समस्याहरू संकलन गरिनेछ।
- स्थानीय तहलाई क्षमता विकासका लागि आवश्यक तालिम र स्रोतहरूको पहुँच सुनिश्चित गरिनेछ।

३. अनुगमन र मूल्याङ्कनः

- अन्तरक्रिया कार्यक्रमको प्रभाव र परिणामहरूको समीक्षा गरिनेछ।
- आवश्यक सुधार र सुधारात्मक कदमहरूको सिफारिस गरिनेछ।

**२९. २.६.४.८० सिन्धुली जिल्ला सदरमुकाम बसपार्क व्यवस्थापन, क.नपा-६ सिन्धुली**

स्थानीय तहसँग समन्वय गरी प्रचलित कानून अनुरुप बसपार्क सञ्चालन र मर्मतसम्भार गर्नेछ।

**३०. २.६.४.५७ स्थानीय निकाय रोजगार सेवा केन्द्रका कर्मचारीहरूको क्षमता अभिवृद्धि कार्यक्रम**

स्थानीय निकाय रोजगार सेवा केन्द्रका कर्मचारीहरूको दक्षता र क्षमता विकासका लागि प्रचलित कानून बमोजिम विषय सम्बन्धीत महाशाखाबाट तालिम र कार्यशाला सञ्चालन गरिनेछ।

**३१. २.६.४.६४ नेउवामहासंघ बागमती प्रदेशसंगको सहकार्यमा श्रम कानुनका जटिलता र यसको सुधाको लागि प्रदेश सरकार श्रमिक र रोजगारदातासहितको २ दिने त्रिपक्षिय छलफल तथा अन्तरक्रिया गोष्ठी**

१. उद्देश्यः
श्रम कानूनका जटिलता र चुनौतीहरू पहिचान गरी सुधारका सम्भावित उपायहरूको खोजी र सुझाव प्रस्तुत गर्ने।

२. सहभागीहरूः
प्रदेश सरकारका सरोकारवाला विभाग, श्रमिक प्रतिनिधि, रोजगारदाताको संघ/संस्था र नेउवामहासंघका प्रतिनिधिहरू।

प्रदेश सचिव

३. कार्यक्रम अवधि र संरचना:

२ दिने गोष्ठीमा समस्या पहिचान, अनुभव साटासाट, कानुनी पक्षको समीक्षा र सुधार प्रस्ताव प्रस्तुति गरिनेछ।

४. कार्य विधि:

प्रस्तुति, समूह छलफल, प्रश्नोत्तर र समग्र निष्कर्ष तयार गर्ने कार्यशाला मार्फत गोष्ठी सञ्चालन।

५. अपेक्षित परिणाम:

श्रम कानून सुधारका लागि स्पष्ट सुझावहरू, नीति सिफारिसहरू र आगामी कदमहरूको रूपरेखा तयार गर्ने।

३२. २.७.३४.२४ ईजाजत प्राप्त वर्कशपलाई प्रविधि हस्तान्तरण अनुदान

१. उद्देश्य:

- ईजाजत प्राप्त वर्कशपहरूलाई आधुनिक प्रविधि हस्तान्तरण गरी उत्पादन क्षमता र गुणस्तर सुधार गर्ने।

२. कार्यान्वयन:

- योग्य वर्कशपहरूको पहिचान गरी अनुदान दिन आवेदन आह्वान गरिनेछ।
- प्राविधिक महाशाखाको संयोजकत्वमा अनुदान वितरण मापदण्ड तयार गरी त्यसअनुसार अनुदान वितरण गरिनेछ।
- वर्कशपहरूको क्षमता अभिवृद्धि र अनुगमन गरिनेछ।

३. अनुगमन र मूल्याङ्कन:

- अनुदानको प्रयोग र प्रभावकारिता अनुगमन गरिनेछ।
- नियमित रिपोर्टिङ गरी सुधारका लागि सिफारिस गरिनेछ।

३३. २.६.६.१२ मकवानपुर उद्योग वाणिज्य संघ र श्रम तथा रोजगार मन्त्रालयबीच अन्तर्क्रिया

१. उद्देश्य:

- मकवानपुर उद्योग वाणिज्य संघ र श्रम तथा रोजगार मन्त्रालयबीच नियमित संवाद र समन्वय गरी श्रम र रोजगार क्षेत्रका समस्या र विकासका अवसरहरू छलफल गर्ने।

२. कार्यान्वयन:

- वार्षिक वा आवधिक अन्तरक्रिया कार्यक्रम आयोजना गरिनेछ।
- नीति, कार्यक्रम र सुधारका विषयमा छलफल गरी सुझावहरू संकलन गरिनेछ।
- सहकार्यका अवसरहरू पहिचान गरी श्रम रोजगार क्षेत्रमा कार्यक्रम तथा परियोजनामा समन्वय गरिनेछ।
- कार्यक्रम खर्च प्रचलित कानून बमोजिम उपलब्ध गराउनुपर्नेछ ।

३. अपेक्षित नतिजा:

- श्रम र रोजगार क्षेत्रलाई प्रोत्साहन गर्ने नीति निर्माणमा सहयोग हुनेछ।

प्रदेश सचिव

बागमती प्रदेश सरकार
श्रम, रोजगार तथा यातायात मन्त्रालय
हेटौंडा, नेपाल

अध्यक्ष
माननीय जयराम थापा
मन्त्री

- समस्याहरूको प्रभावकारी समाधान र विकास प्रवर्द्धन गरिनेछ।

३४. २.६.६.९/२.६.६.११ रोजगार मेला तथा बागमती प्रदेश स्तरिय महिला उद्यमीहरुको व्यवसाय प्रवर्द्धन तथा रोजगार मेला

- उल्लिखित कार्यक्रम सञ्चालनका लागि स्पष्ट मापदण्ड तयार गरी त्यसअनुसार अनुदान वितरण गरिनेछ। कार्यक्रमको कार्यान्वयनका लागि मन्त्रालयले प्रचलित खरिद कानून बमोजिम कार्य सम्पादन गर्नुपर्नेछ।

३५. २.६.६.९ प्रदेश श्रम सल्लाहकार परिषद्को व्यवस्थापन

एन ./नियम र अन्य प्रचलित कानून बमोजिम परिषद् गठन पश्चात सो परिषद्को बैठक भत्ता तथा कार्यक्रम खर्च प्रचलित कानून बमोजिम उपलब्ध गराउनुपर्नेछ ।

३६. २.७.३४.२७ प्रदेश राजधानी तथा अन्य क्षेत्रमा सडक सुरक्षा सम्बन्धि उपकरण व्यवस्थापन

१. उद्देश्य:

प्रदेश राजधानी र अन्य क्षेत्रहरूमा सडक सुरक्षा सुधार्न ट्राफिक बत्ती, सी.सी. क्यामेरा, सडक बत्ती र रोड फर्निसिङ सुरक्षा उपकरणहरूको प्रभावकारी व्यवस्थापन गर्नु।

२. कार्यान्वयन:

- उपकरणहरूको स्थापना, मर्मतसम्भार र नियमित निरीक्षण गर्ने र माग तथा आवश्यक्तामा आधारित स्थान र उपकरण छनौट गरिनेछ।
- स्थानीय तह र सम्बन्धित निकायसँग समन्वय गरी उपकरणहरूको सुरक्षा सुनिश्चित गरिनेछ।
- प्रचलित सार्वजनिक खरिद कानुन अनुसार उपकरण खरिद प्रक्रिया सञ्चालन गरिनेछ।

३. अनुगमन:

- उपकरणहरूको सञ्चालन प्रभावकारिता अनुगमन गरिनेछ।
- आवश्यक परिमार्जन र सुधारका लागि सुझाव दिईनेछ।

३७. २.७.३४.२९ सरकारी निकायबाट जफत भएका सवारी साधनहरुको अनुगमन तथा व्यवस्थापन :
सरकारी निकायबाट जफत भएका सवारी साधनहरूको प्रभावकारी अनुगमन र व्यवस्थापनका लागि समिति गठन गरी कार्यशर्त निर्धारण गरी निरन्तर कार्यान्वयन गरिनेछ। समितिले त्रैमासिक अनुगमन प्रतिवेदन तयार गरी सार्वजनिक गर्नेछ र आवश्यक सुधारका लागि सिफारिसहरू दिनेछ। यस प्रक्रियामा सम्बन्धित सबै निकायसँग समन्वय कायम गरिनेछ। उल्लेखित कार्यक्रममा प्रचलित कानूनको परिधिभित्र रही खर्च गर्नुपर्नेछ ।

३८. २.७.३४.३१ यातायात व्यवस्थापन तथा नियमन सम्बन्धमा वर्कशप/ड्राइभिङ स्कूलसँग अन्तरक्रिया

प्रदेश सचिव

यातायात व्यवस्थापन र नियमन विषयमा वर्कशप तथा ड्राइभिङ स्कूलहरूसँग नियमित अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ। यस अन्तर्गत नियम पालन, सुरक्षा मापदण्ड र चालक दक्षता सुधारका लागि छलफल र तालिमहरू समेटिनेछन्। सम्बन्धित निकायहरूसँग समन्वय गरी कार्यक्रम प्रभावकारी बनाउन पहल गरिनेछ। कार्यक्रम सञ्चालन प्रचलित सार्वजनिक खरिद कानुन तथा प्रदेश सार्वजनिक खर्चको मापदण्डको आधारमा गरिनेछ।

३९. २.७.३४.३५ सिएनजीबाट सञ्चालन हुने सवारी साधन र सिएनजी उत्पादन प्रोत्साहन कार्यक्रमको सम्भाव्यता अध्ययन

प्रदेशमा वातावरणमैत्री सवारी साधनको प्रवर्द्धन तथा सिएनजी उत्पादनको सम्भाव्यता पहिचान गर्न विस्तृत अध्ययन गरिनेछ। अध्ययन कार्य परामर्श सेवामार्फत गरिनेछ, जसका लागि योग्य तथा दर्ता प्राप्त परामर्शदाता छनोट गरिनेछ।

परामर्श सेवासम्बन्धी कार्य शर्त (ToR) तयार गरी सार्वजनिक रुपमा सूचना आह्वान गरिनेछ। सेवा करार गर्दा पारदर्शिता, प्रतिस्पर्धा, गुणस्तर र मूल्यको आधारमा मूल्याङ्कन गरिनेछ।

कार्य सम्पादन प्रचलित सार्वजनिक खरिद ऐन, नियमावली तथा प्रदेश सार्वजनिक खर्चको मापदण्डको पूर्ण पालना गरी गरिनेछ।

४०. २.७.३४.३६ भैरहेको डिजिटाइजेशनलाई स्तरिकरण गर्ने

प्रदेश स्तरमा भइरहेको विभिन्न डिजिटल प्रणालीहरूको एकरूपता, अन्तरसंयोजन (interoperability) र दीर्घकालीन प्रयोग सुनिश्चित गर्न डिजिटाइजेशन प्रक्रियाको स्तरिकरण गर्न विस्तृत अध्ययन र कार्यान्वयन कार्य गरिनेछ।

यसका लागि सूचना प्रविधि सम्बन्धी दक्षता भएका दर्ता प्राप्त परामर्शदाता छनोट गरिनेछ, जसको छनोट कार्य सेवा करार प्रक्रियाअन्तर्गत कार्यसञ्चालन शर्त (ToR) को आधारमा गरिनेछ।

सम्बन्धित सेवा करार प्रक्रिया सार्वजनिक सूचना, प्रतिस्पर्धात्मक छनोट, गुणस्तरीय मापदण्ड र मूल्यको आधारमा प्रचलित सार्वजनिक खरिद ऐन तथा प्रदेश सार्वजनिक खर्चको मापदण्डको पूर्ण पालना गरी गरिनेछ।

४१. २.७.३४.३८ / २.७.३४.४०: चुनिखेल यात्रु प्रतिक्षालय स्थापना तथा स्तरोन्नति र सवारी लक्षित सार्वजनिक शौचालय निर्माण (काभ्रेपलाञ्चोक, भूम्लु–८, १०, १)

पूर्वाधार निर्माण कार्यलाई प्राविधिक नक्सा तयार गरी, निर्माण कार्यको गुणस्तर मापदण्ड अनुरूप इन्जिनियरिङ सुपरिवेक्षणसहित सञ्चालन गरिनेछ।

प्रदेश सचिव

बागमती प्रदेश सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
हेटौंडा, नेपाल

मानननीय जयराम थापा
मन्त्री

कार्य स्थानीय तहसँग समन्वयमा, आवश्यक परामर्श सेवा लिई, प्रचलित सार्वजनिक खरिद कानुनको पूर्ण पालना गर्दै कार्यान्वयन गरिनेछ।

**४२. २.८.१.२ / २.८.१.३: सवारी साधन प्रदूषण परीक्षण र सवारी संचालन (रुट इजाजत, इजाजतपत्र) सम्बन्धी अनुगमन**

सवारी प्रदूषण परीक्षण तथा संचालन अनुमति प्रक्रियाको प्रभावकारिता मूल्याङ्कन गर्न नियमित तथा आकस्मिक अनुगमन गरिनेछ।
प्राप्त विवरणको आधारमा नीति कार्यान्वयनको सुधारका सिफारिस तयार पारिनेछ।
सम्बन्धित निकायसँग समन्वय गरी यो कार्य प्रचलित सार्वजनिक खरिद कानुन र प्रदेश सार्वजनिक खर्च मापदण्डको पालना गरी सञ्चालन गरिनेछ ।

**४३. टेलिचलचित्र उत्पादन तथा प्रशारण र महिला द्धारा संचालित रेडियो बाट प्रसारण हुने बालबालिका तथा ज्येष्ठा नागरिक सडक सुरक्षा कार्यक्रम**

बालवालिका तथा ज्येष्ठ नागरिकलाई लक्षित गरी सडक सुरक्षा सचेतना अभिवृद्धि गर्ने उद्देश्यले महिला—सञ्चालित रेडियो र टेलिभिजनमार्फत टेलिचलचित्र उत्पादन र प्रसारण गरिने छ ।पहिलो, सडक सुरक्षा सन्देशयुक्त कार्यक्रम तयार पारेर नियमित रूपमा टिभी र महिला—सञ्चालित सामुदायिक रेडियोमा प्रसारण गरिने छ। दोस्रो, बालबालिका र ज्येष्ठ नागरिकले सजिलै बुझ्ने सरल भाषा र आकर्षक दृश्य—श्रव्य सामग्री प्रयोग गरिने छ। तेस्रो, कार्यक्रम निर्माणमा महिला सञ्चारकर्मी, विद्यालय, ट्राफिक प्रहरी र अन्य सम्वन्धित निकायको सक्रिय सहभागिता सुनिश्चित गरिने छ। अन्तमा, प्रसारणपछि दर्शक—श्रोता प्रतिक्रिया संकलन गरी नियमित अनुगमन र वार्षिक मूल्यांकनमार्फत प्रचलित खरिद कानून बमोजिम कार्यान्वयन गराई कार्यक्रमलाई थप प्रभावकारी बनाउने व्यवस्था गरिने छ। ।

प्रदेश सचिव